आज मिति २०८३ साल असार महिना ०९ गते मङ्गलवारको दिन भिमाद नगरपालिका, तनहुँको आर्थिक वर्ष २०८२/०८३ को नगर कार्यपालिकाको पन्धौं बैठकका नगर प्रमुख श्री दधिराज सुवेदीज्यूको अध्यक्षतामा तपसिल अनुसारको उपस्थितिमा वसि देहाय वमोजिम निर्णय गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| | श्री दधिराज सुवेदी | अध्यक्ष | प्रमुख |
| | श्री शारदा खनाल | सदस्य | उप-प्रमुख |
| | श्री दिपक आले | सदस्य | वडा अध्यक्ष १ |
| | श्री दिनेश कुमार थापा | सदस्य | वडा अध्यक्ष २ |
| | श्री पदमराज सेन ठकुरी | सदस्य | वडा अध्यक्ष ३ |
| | श्री बोम बहादुर थापा | सदस्य | का. वडा अध्यक्ष ४ |
| | श्री पदम बहादुर थापा | सदस्य | वडा अध्यक्ष ५ |
| | श्री श्याम सुन्दर जोशी | सदस्य | वडा अध्यक्ष ६ |
| | श्री प्रकाश श्रेष्ठ | सदस्य | वडा अध्यक्ष ७ |
| | श्री अण बहादुर शाही | सदस्य | वडा अध्यक्ष ८ |
| | श्री रन बहादुर थापा | सदस्य | वडा अध्यक्ष ९ |
| | श्री स्यानी माया थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री उमा कुमाल | सदस्य | कार्यपालिका सदस्य |
| | श्री इन्दिरा खडका थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री दमन्ती कुमारी शाही | सदस्य | कार्यपालिका सदस्य |
| | श्री ओम कुमारी थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री विर बहादुर वस्याल | सदस्य | कार्यपालिका सदस्य |
| | श्री सन्दिप नगर्ची | सदस्य | कार्यपालिका सदस्य |
| | श्री संगिता विक | सदस्य | कार्यपालिका सदस्य |
| | श्री शोभाखर पोखरेल | सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत |
| | आमन्त्रित उपस्थिति | | |
| | श्री सन्दिप पौडेल | | उप-सचिव |
| | श्री टेकावती ढकाल | | शाखा अधिकृत |
| | श्री दिनेश कुमार तिम्मसिना | | लेखा अधिकृत |
| | श्री सुर्य प्रसाद पौडेल | | प्रशासकिय अधिकृत |

श्यामप्रसाद आपकोटा लेखापाल

प्रमाणित

आर्थिक वर्ष २०८२/०८३ को पन्ध्रौं नगर कार्यपालिका बैठकमा प्रस्तुत प्रस्ताव र निर्णयहरु:

मितिः (२०८३/०३/०९)

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा
२. आर्थिक वर्ष २०८३/०८४ को लागि भिमाद नगरपालिकाको आर्थिक विधेयक, २०८३
३. आर्थिक वर्ष २०८३/०८४ को लागि भिमाद नगरपालिकाको विनियोजन विधेयक, २०८३ र बजेट बक्तव्य सम्बन्धमा ।
४. भिमाद नगरपालिकाको सुशासन समिति गठन तथा सञ्चलान कार्यविधि २०८३, सम्बन्धमा ।
५. भिमाद नगरपालिकाको विधायन समिति गठन तथा सञ्चालन कार्यविधि २०८३, सम्बन्धमा ।
६. भिमाद नगरपालिकाको विज्ञापन विधेयक २०८३ सम्बन्धमा ।
७. विविध

**निर्णय नं. १**

प्रस्ताव नं.१ माथि छलफल गर्दा मिति २०८३/०२/२७ गते बसेको नगर कार्यपालिकाको आ.व. २०८२।०८३ को चोधौं बैठकमा भएका निर्णयहरू समीक्षा गरिनुका साथै कार्यान्वयन हुन बाँकी निर्णयहरू यथाशीघ्र कार्यान्वयन गर्ने ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा भिमाद नगरपालिकाले आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बनेको आर्थिक विधेयक, २०८३ छलफल गरी नगर सभामा पेश गर्ने ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा भिमाद नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट निर्धारण भएको बजेटको सिमाभित्र रही आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि टोल तथा बस्तीस्तरबाट छनौट गरी वडा कार्यालयहरुबाट प्राप्त भएका योजना तथा कार्यक्रमहरु, विषयगत शाखाका योजना तथा कार्यक्रम र विभिन्न सरोकारवाला संघ संस्थाहरुवाट प्राप्त राय सुझावहरु सहित विषयगत समितिहरुमा छलफल भै बजेट तथा कार्यक्रम तर्जुमा समितिवाट छलफल गरी प्राथमिकताका आधारमा छनौट भएका योजना तथा कार्यक्रमका आधारमा भिमाद नगरपालिकाको आ.व. २०८३/०८४ को विनियोजन विधेयक, २०८३ र बजेट बक्तव्य छलफल गरी नगर सभामा पेश गर्ने ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा नगरपालिकाको समग्र शासकीय क्रियाकलाप, सेवा प्रवाह,सेवाको गुणस्तर, दिगोपना लागत र सेवा शुल्कको बारेमा अध्ययन विश्लेशण मूल्याङ्कन आवश्यक निर्देशन

लगायतका कार्य गर्नको लागि तयार गरिएको भिमाद नगरपालिकाको सुशासन समिति गठन तथा सञ्चलान कार्यविधि २०८३ स्वीकृतको लागि नगर सभामा पेश गर्ने ।

निर्णय नं. ५

प्रस्ताब नं. ५ माथि छलफल गर्दा नगरसभाको नियमित कार्यमा सहयोग पुर्‍याउन, बैठकको सुव्यवस्था कायम राख्न, समितिको गठन, काम-कारवाही व्यवस्थित गर्न, आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्नको लागि तयार गरिएको भिमाद नगरपालिकाको विद्यायन समिति गठन तथा सञ्चालन कार्यविधि २०८३ स्वीकृतको लागि नगर सभामा पेश गर्ने ।

निर्णय नं. ६

प्रस्ताब नं. ६ माथि छलफल गर्दा नगरपालिकामा कुनै बस्तु वा सेवाको बजार प्रवर्द्धन, बिक्रि वितरण वा प्रचार-प्रसारको लागि गरिने बाह्य विज्ञापन र नगरपालिकाबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका सञ्चारमाध्यमबाट गरिने विज्ञापनलाई नियमित, व्यवस्थित र पारदर्शी बनाउनको लागि तयार भएको भिमाद नगरपालिकाको विज्ञापन विधेयक २०८३ स्वीकृतको लागि नगर सभामा पेश गर्ने ।

निर्णय नं.७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा वडा कार्यालयको सिफारिस साथ पाइप माग गरि निवेदन पेश भएका तपसिल बमोजिमका खानेपानी योजना तथा उपभोक्ता समितिहरुलाई भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत नगर विकास योजनाको अन्य खानेपानी योजनाहरु (पाईप खरिद तथा वितरण) सि.न. १०० शिर्षकबाट भुक्तानी हुने गरी माग भए बमोजिम पाईप उपलब्ध गराउने ।

तपसिल

| क.सं. | खानेपानी तथा सिचाइको लागि पाइप माग गर्नेहरुको विवरण | वडा नं. | प्राविधिक लागत अनुमान /प्रस्तावना भए/नभएको | सामानको विवरण |
|---|---|---|---|---|
| १ | राम प्रसाद सुवेदी सिचाइ पाइप | २ | भएको | ४० mm को ६० मिटर पोलिथिन पाइप |
| २ | होम बहादुर थापा सिचाइ पाइप | २ | भएको | १६० mm को ९ मिटर पोलिथिन पाइप |
| ३ | मोहोरिया टोलका किसानको लागी खानेपानी पाइप | ९ | भएको | २० mm को ५०० मिटर पोलिथिन पाइप |

निर्णय नं. ८

प्रस्ताव नं. ७ माथि छलफल गर्दा नगर कार्यपालिकाको मिति २०८२।०७।१६ गतेको निर्णयानुसार आगामी तीन आर्थिक वर्ष (२०८३/०८४—२०८५/०८६) को राजश्व सुधार कार्ययोजना तर्जुमा गर्ने राजश्व परामर्श समितिलाई दिएको कार्यादेश अनुसार समितिले अभिमुखिकरण गोष्ठी, कार्यशाला, स्थलगत वस्तुस्थिति अध्ययन एवं वैज्ञानिक तथ्याङ्क संकलन र विश्लेषणबाट प्राप्त सरोकारवालाहरूको छलफलबाट

प्राप्त सुझावलाई समेटेर तयार पारिएको "भिमाद नगरपालिकाको त्रिवर्षीय राजश्व सुधार कार्ययोजन (आ.व. २०८३/०८४—२०८५/०८६)" स्वीकृत गर्दै आगमि आर्थिक वर्षदेखि प्रभावकारी कार्यान्वयन गर्दा नगरपालिकाको आन्तरिक आयको दायरा विस्तार, राजश्व चुहावट नियन्त्रण र वित्तीय आत्मनिर्भरताम महत्त्वपूर्ण योगदान पुऱ्याउने देखिएकाले उक्त कार्ययोजनालाई कार्यान्वयनका लागि आवश्यक कानुनी प्रशासनिक र बजेटरी व्यवस्था मिलाउन सम्बन्धित शाखालाई निर्देशन दिने ।

निर्णय नं. ९

प्रस्ताव नं. ७ माथि छलफल गर्दा भिमाद नगरपालिकाले बालमैत्री स्थानीय शासन घोषणाको का अगाडि बढाउने भनी नगर कार्यपालिकाको बैठकबाट निर्णय भइ बालमैत्री स्थानीय शासन घोषण कार्यविधि, २०७९ र बालमैत्री स्थानीय तह घोषणा कार्यान्वयन निर्देशिका, २०७८ बमोजिम य नगरपालिकाले बालमैत्री स्थानीय शासनका लागि आवश्यक कार्यहरू गर्दै बालमैत्री घोषणाका लागि प्रतिवद्धता पत्रमा हस्ताक्षर भइसकेको हुनाले भिमाद नगरपालिका क्षेत्रभित्र आपतकालीन एवम् जोखि अवस्थामा हुने बालबालिकाहरूको तत्काल संरक्षण, उद्धार, राहत र पारिवारिक पुनःस्थापना गर्न त बालबालिकाको हकहितको संरक्षण र संवर्धन गरी भिमाद नगरपालिकामा बालमैत्री स्थानीय शासन ल गर्नका लागि बालकोषको स्थापना गर्ने र बालकोष सञ्चालनका लागि तयार गरिएको भिम नगरपालिकाको बालकोष सञ्चालन कार्यविधि, २०८३ स्वीकृत गरी चालू आर्थिक वर्ष २०८२/०८ को स्वीकृत वार्षिक नगर विकास योजनाको सामाजिक विकास तर्फ सि.नं. १७ मा बालकोषका ल स्वीकृत भएको रु. ५०,०००/- रकम बालकोषमा राख्ने ।

निर्णय नं. १०

प्रस्ताव नं. ७ माथि छलफल गर्दा आ.ब. २०८३/८४ मा भिमाद नगरपालिकामा नगरपालिका स्रोतबाट तलव भत्ता प्राप्त गर्ने गरी सेवा करारमा कार्यरत रहने तपसिलका पद तथा तह/श्रेणी कर्मचारीको मासिक पारिश्रमिक तथा सेवा सुविधा देहाय बमोजिम कायम गर्ने निर्णय गरियो ।

तपसिल

| सि.न. | पद | तह/श्रेणी | तलब स्केल २०८२।८३ | १० प्रतिशत बृद्धि | तलब स्केल२०८३।८४को लागि | पर्व खर्च | पोषाक भत्ता | राशन भत्ता | फिल्ड भत्ता | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | मेडिकल अधिकृत | आठौं | ४८७३७ | ४८७३ | ५३६१० | ५३६१० | १०००० | | | नन प्रा मासिक मंहगि भ ५ |
| २ | इन्जिनियर | छैठौं | ४३६८९ | ४३६८ | ४८०५७ | ४८०५७ | १०००० | | १०००० | नगर स्वीकृत व |
| ३ | सब इन्जिनियर | पाँचौं | ३४७३० | ३४७३ | ३८२०३ | ३८२०३ | १०००० | | ७००० | |
| ४ | असिस्टेन्ट सब इन्जिनियर / अमिन | चौथो | ३२९०२ | ३२९० | ३६१९२ | ३६१९२ | १०००० | | ५००० | |
| ५ | कम्प्युटर अपरेटर | चौथो | ३२९०२ | ३२९० | ३६१९२ | ३६१९२ | १०००० | | | |

| सि.न. | पद | तह/श्रेणी | तलब स्केल २०८२।८३ | १० प्रतिशत वृद्धि | तलब स्केल२०८३।८४को लागि | पर्व खर्च | पोशाक भत्ता | राशन भत्ता | फिल्ड भत्ता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | खा पा स टे | चौथो | २९९०० | २९९० | ३२८९० | ३२८९० | १०००० | | | |
| ७ | हलुका सवारी चालक | विहिन | २७६०० | २७६० | ३०३६० | ३०३६० | १०००० | | | |
| ८ | कार्यालय सहयोगी/माली | विहिन | २३००० | २३०० | २५३०० | २५३०० | १०००० | | | |
| ९ | सामाजिक परिचालक | विहिन | २३००० | २३०० | २५३०० | २५३०० | १०००० | | | |
| १० | प्रहरी सहायक निरिक्षक | | २९९०० | २९९० | ३२८९० | ३२८९० | १०००० | ४५०० | | नगर प्रहरी तर्फ |
| ११ | प्रहरी हवलदार | | २५३०० | २५३० | २७८३० | २७८३० | १०००० | ४५०० | | |
| १२ | प्रहरी जवान | | २३००० | २३०० | २५३०० | २५३०० | १०००० | ४५०० | | |
| १३ | अप्थाल्मिक असिस्टेन्ट | पाँचौं | ३२२०० | ३२२० | ३५४२० | ३५४२० | | | | भिमाद प्रा स्वा के |
| १४ | रेडियोग्राफर | पाँचौं | ३२२०० | ३२२० | ३५४२० | ३५४२० | | | | स्वास्थ्य चौकी र आधारभुत स्वास्थ्य केन्द्र |
| १५ | ल्याव असिस्टेन्ट | चौथो | २९९०० | २९९० | ३२८९० | ३२८९० | | | | |
| १६ | अ हे व | चौथो | २९९०० | २९९० | ३२८९० | ३२८९० | | | | आधारभुत स्वास्थ्य सेवा केन्द्र |
| १७ | अ न मि | चौथो | २९९०० | २९९० | ३२८९० | ३२८९० | | | | |
| १८ | कार्यालय सहयोगी | विहिन | २३००० | २३०० | २५३०० | २५३०० | | | | |
| १९ | अ हे व | चौथो | २५५०० | २५५० | २८०५० | २८०५० | | | | सामुदायिक स्वास्थ्य इकाईमा कार्यरत |
| २० | अ न मि | चौथो | २५५०० | २५५० | २८०५० | २८०५० | | | | |
| २१ | कार्यालय सहयोगी | विहिन | १९५५० | १९५५ | २१५०५ | २१५०५ | | | | |

उपरोक्त पदहरु बाहेक संघीय सरकार र प्रदेश सरकारको स्वीकृत कार्यक्रम बमोजिम सेवा करारमा कार्यरत रहने कर्मचारीले प्राप्त गर्ने तलव तथा सेवा सुविधा नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।